# पाल्हीनन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पाल्हीनन्दन, नवलपरासी

५ नं.प्रदेश

## सिलबन्दी/दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७७/०२/१०

यस पाल्हीनन्दन गाउँकार्यपालिकाको कार्यालयबाट चालु आ.व. ०७६/७७ मा यस कार्यालय अन्तर्गत संचालनहुने स्वीकृत वार्षिक कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्कापट्टाको माध्यमबाट गराउनु पर्ने भएकोले मूल्यअभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी/बोलपत्रदरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. सम्बन्धित कागजातहरु संलग्न राखी यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथमपटक सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १५ औं दिनसम्म यस कार्यालयको नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको राजश्व संकलन खाता नं.२४८०३००००००००४००२००१ म जम्मा गरेको भौचर सहित बोलपत्र/दरभाउ सम्बन्धी प्रकाशित सूचनामा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाइ कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. सिलबन्दी/दरभाउपत्रपत्र खरीद गर्दा आ.व.०७६/७७ सम्म अद्यावधिक नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखानम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. खरीद गरिएका बोलपत्र/दरभाउपत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी बोलपत्र/दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १६ औं दिन तथा बोलपत्रको हकमा ३१ औं दिनदिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । म्याद भित्र प्राप्त हन आएका सिलबन्दी बोलपत्र/दरभाउपत्र सोही दिनदिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र/दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र/दरभाउपत्र दाता वा निजको अधिकार प्राप्तप्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी सिलबन्दी /दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. सिलबन्दी बोलपत्र/दरभाउपत्रको प्रत्येक आइटमको दर भ्याट बाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमाअक्षरलाई मान्यता दिईने छ ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ । सिलबन्दी बोलपत्र दरभाउपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

७. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिको कार्यालय, पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३०००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दीबोलपत्र/दरभाउपत्रदाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा दरभाउको हकमा ७५ म्यादभएको वाणिज्य वा सो सरह बैंकवाट जारी भएको बैंक जमानत (***Bid Bond***) संलग्न हुनुपर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनहुनेछ ।

८. कुनै पनि सिलबन्दी/दरभाउपत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र सिलबन्दी बोलपत्र/दरभाउपत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

१०. रीत नपुगीवा म्याद नाघी आएका सिलबन्दी बोलपत्र/दरभाउपत्रउपर कुनै कारबाही हुने छैन ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखीकुनै कारण जनाई वा नजनाई सिलबन्दीबोलपत्र/दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. सिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकममाथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स वन्ड (***Performance Bond***) पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१४. सिलबन्दी बोलपत्र दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१५. यस पाल्हीनन्दन गाउँकार्यपालिकाको आर्थिक ऐन अनुसार तोकेको व्यवसायी कर तिरेको रसिद अनिवार्य रुपमा पेश गर्नुपर्ने छ.

बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धिकार्यको विवरण

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु.(भ्याट बाहेक) | धरौटी रकम (रु.) | बोलपत्र/सिलबन्दी दरभाउपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | २४/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | वडा नं.४, पाल्ही प्राथमिक स्वाथ्य केन्द्र देखि नहर सम्म सडक कालो पत्र निर्माण गर्ने कार्य. | १३,५३,२०९/०० | ३९,०००/०० | १,०००/०० |
| २ | २५/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | वडा नं. ५, गेरमा बाटो आर सी सी ढलान गर्ने कार्य । | ९,४५,०९८/०० | २७,०००/०० | १,०००/०० |
| ३ | २६/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | वडा नं. २, हरपुर खानेपानी योजना गर्ने कार्य । | १७,४०,५७०/८३ | ५०,०००/०० | १,०००/०० |
| ४ | २७/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | वडा नं. ६, सनई खानेपानी योजना गर्ने कार्य । | १७,३८,९०५/२० | ५०,०००/०० | १,०००/०० |
| ५ | २८/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | वडा नं. १, जनता आवास कार्यक्रम गर्ने कार्य । | १२,९१,९४७/३० | ३७,०००/० | १,०००/०० |
| ६ | २९/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | बिपिन्न वर्ग लागि आवास कार्यक्रम । | १५,२४,७७१/८३ | ४४,०००/०० | १,०००/०० |
| ७ | ३०/०७६/७७/ PNRM/NCB | दरभाउपत्र | मुख्यमन्त्रि ग्रामिण बिकाश कार्यक्रम अन्तगंत भैतिक पूर्वधार निर्माण | १०,२६,४११ /२७ | २९,५००/०० | १,०००/०० |

प्रमुख प्रशासकिय अधिकृत